श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४८।३।१५ को निर्णयानुसार देहायबमोजिम जल तथा शक्ति आयोगको गठन गरेको र त्यसको काम, कर्तव्य, अधिकार तथा कार्यविधि देहायबमोजिम हुने गरो तोकिएको छ।

१. माननीय श्री जलस्रोत मन्त्री / राज्यमन्त्री — अध्यक्ष
२. श्री सचिव, जलस्रोत मन्त्रालय — सदस्य
३. श्री सदस्य–सचिव, राष्ट्रिय योजना आयोग — सदस्य
४. श्री सचिव, अर्थ मन्त्रालय — सदस्य
५. श्री सचिव, परराष्ट्र मन्त्रालय — सदस्य
६. श्री सचिव, कृषि मन्त्रालय — सदस्य
७. श्री सचिव, वन तथा वातावरण मन्त्रालय — सदस्य
८. गैर सरकारी क्षेत्रबाट ख्याती प्राप्त जलस्रोत / उर्जा विशेषज्ञ मध्येबाट २ जना — सदस्य
९. श्री कार्यकारिणी सचिव, जल तथा शक्ति आयोगको सचिवालय — सदस्य-सचिव

नोटः

१. आयोगको बैठकमा छलफल हुने विषय वस्तुसित सम्बन्धित मन्त्रालयका सचिव एवं अन्य सरकारी निकायका उच्च पदाधिकारीहरूलाई आवश्यकता अनुसार आयोगको बैठकमा आमन्त्रित गर्न सकिनेछ।
२. आयोगको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ। कयंकदाचित उपस्थित हुन नसक्ने भएमा मात्र श्री ५ को सरकारको सचिव पदेन सदस्य भएको हकमा अतिरिक्त सचिव तहको प्रतिनिधि पठाउन सकिनेछ।
३. निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यको पदावधि २ वर्षको हुनेछ।

(ख) जल तथा शक्ति आयोगको काम, कर्तव्यः–

आयोगले देशमा विद्यमान जलस्रोत र शक्तिको विकासको लागि त्यसको विविध पक्षमा श्री ५ को सरकार जलस्रोत मन्त्रालय लगायत सम्बन्धित निकायहरूलाई नीति निर्माण र परियोजना कार्यान्वयनका क्षेत्रमा सल्लाह सुझाव दिनेछ। त्यस्तो सल्लाह सुझाव दिनका लागि आयोगले आवश्यक सबै र खास गरी देहायबमोजिमका कामहरू गर्नेछः–

१. देशमा विद्यमान जल तथा शक्ति स्रोतको सर्भेक्षण र अन्वेषण गर्ने गराउने र त्यस्तो सर्भेक्षण र अन्वेषणको काममा सामञ्जस्य ल्याउने।

२. देशको जल तथा शक्तिको सम्पूर्ण आवश्यकता (तत्कालीन र भविष्यको समेत) को अध्ययन गर्ने गराउने।

३. देशको जल तथा शक्तिको स्रोतको संरक्षण, विकास तथा विभिन्न लाभदायक उपयोगको कार्यक्रम तयार गर्ने गराउने।

४. जल तथा शक्ति विकाससम्बन्धी दीर्घकालीन वा अल्पकालीन नीति तर्जुमा गर्ने र सोही अनुरूप कार्यान्वयन गर्न आवश्यक कार्यक्रम, योजना वा परियोजनाहरूको परिमार्जन, तयारी तथा समन्वय गर्ने गराउने।

५. जल तथा शक्ति विकासको लागि द्विपक्षीय वा बहुपक्षीय रूपमा भइरहेको अन्तर्राष्ट्रिय प्रयास एवं सन्धि सम्झौताहरू र राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको अध्ययन विश्लेषण गर्ने। जल तथा शक्ति विकाससित सम्बन्धित कानूनी समस्याहरूको समाधानको लागि आवश्यक सल्लाह सुझाव दिने।

६. जल तथा शक्तिको विकाससित सम्बन्धित आवश्यक कानून तर्जुमा गर्ने।

७. जल तथा शक्तिको विकाससित सम्बन्धित द्विपक्षीय वा बहुक्षीय आयोजनाहरूको सम्बन्धमा विश्लेषणात्मक अध्ययन गर्ने र सो सम्बन्धमा नीति तर्जुमा गर्ने।

८. जल तथा शक्ति आयोजनाहरूको बारेमा तयार गरिएका प्रतिवेदनहरूको अध्ययन गरी राय सुझाव दिने।

९. जल तथा शक्तिको विकाससंग सम्बन्धित विभिन्न वातावरणीय सामाजिक, आर्थिक प्रभावहरूको अध्ययन, मूल्यांकन र विश्लेषण गरी गराई सो अनुरूप परियोजनाहरूको परिमार्जन गर्न गराउन सुझाव दिने।

१०. जलस्रोत मन्त्रालयको साथै जल तथा शक्तिसित सम्बन्धित श्री ५ को सरकारका अन्य निकायहरूलाई आवश्यक राय सल्लाह दिने।

(ग) <u>आयोगको सचिवालयको कार्यविधि निम्न प्रकार हुनेछः</u>

१. जल तथा शक्तिको विकाससित सम्बन्धित विषयहरूमा श्री ५ को सरकारको सम्बन्धित निकायहरूले अनुसरण गर्नु पर्ने नीति, निर्देशिकाहरू आयोगले तयार गरी उपलब्ध गराउने।

२. जल तथा शक्तिसित सम्बन्धित मझौला र ठूला परियोजनाहरूको सम्बन्धमा श्री ५ को सरकारको सम्बन्धित निकायहरूलाई सल्लाह सुझाव दिने।

३. जल तथा शक्तिसित सम्बन्धित विषयहरूको सूचना तथा तथ्यांक संकलन गर्ने । बखत बखतमा सो विषयहरूमा हुने छलफलमा भाग लिन श्री ५ को सरकारको सम्बन्धित निकायहरू तथा सम्बन्धित गैर सरकारी व्यक्तिहरूलाई निमन्त्रणा गर्ने ।

४. आयोगबाट तयार गरिने अध्ययन प्रतिवेदनहरू एवं संकलन गरिने तथ्याङ्कहरू आवश्यकता तथा औचित्यताको आधारमा सम्बन्धित सबैलाई उपलब्ध गराउने ।

५. स्वदेश र विदेशका सरकारी एवं गैर सरकारी निकायहरूबाट प्रकाशित हुने जल तथा शक्तिसित सम्बन्धित अध्ययन प्रतिवेदन, पुस्तक, पुस्तिका, जोर्नल एवं प्रकाशनहरू संलग्न गरी सन्दर्भ पुस्तकालयको संचालन गर्ने ।

६. आयोगको निर्णयहरूको कार्यान्वयन एवं दैनिक कार्य संचालन आयोगको सचिवालयबाट हुने ।

मिति २०३२।१२।१९ तथा २०३३।८।१४ को नेपाल राजपत्रमा प्रकाशित तत्कालीन जल तथा विद्युत मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
गौरीनाथ रिमाल
श्री ५ को सरकारको सचिव